# सेवा प्रदायकको रुपमा सामुदायिक वन उपभोक्ता समूह

**सुशान्त आचार्य**

सामुदायिक वन (सा.व.) उपभोक्ता समूहहरू जिल्ला वन कार्यालय तथा वन वातावरणको क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी संस्था (गै.स.स.) हरूबाट प्राविधिक तथा आर्थिक सेवाहरू लिने स्थानीय सेवाग्राही निकायहरू हुन् । यिनीहरूले वन ऐन २०४९ अनुसार वैधानिक रुपमा कुनै खास वन क्षेत्रको कार्ययोजना अनुसारको व्यवस्थापकीय जिम्मेवारी पाएका हुन्छन् । सो अनुसार सा.व. को संरक्षण, सम्वर्धन, सदुपयोग तथा समुदाय व्यवस्थापन अन्तर्गत समूहको आमभेला र बैठक सञ्चालन, अभिलेख राख्ने, निर्णय प्रक्रियामा सहभागिता जुटाउने, कोष परिचालन, विपन्न उपभोक्ताको आय आर्जनसँग सम्बन्धित कार्यक्रम, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरू पर्दछन् तर सबै वन समूहहरू उपरोक्त क्रियाकलापहरू कार्यान्वयन गर्न पूर्ण रुपमा सक्षम भने छैनन् । जिल्ला स्तरमा रहेका सेवादाता संस्थाहरूले वन समूहरूको कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्दै आएकोमा वर्तमान परिस्थितिले गर्दा जिल्लाका सबै वन समूहहरूले उपरोक्त निकायहरूबाट प्राप्त हुने सेवा पाउन सकेको अवस्था छैन । जीविकोपाजर्ननको लागि वन कार्यक्रम (एल.एफ.पी.) मार्फत प्रदान गरिने सेवा जिल्लाका दुर्गम क्षेत्रमा रहेका वन समूह, गरिब, दलित, महिला सबैले समान रुपमा पाउन् भन्ने हेतुले सेवा प्रदान गर्ने उपयुक्त संयन्त्रको पहिचानको क्रममा "वन व्यवस्थापन तथा समुदाय व्यवस्थापन कार्यमा सवल देखिएको सामुदायिक वन उपभोक्ता समूहले आफू जस्तै अन्य समुदायलाई पनि सेवा दिन सक्दछ" भन्ने सोंच अनुरुप वन समूहलाई सेवा प्रदायक संस्थाको रुपमा लिई कार्यक्रम कार्यान्वयन गरिआएको छ । यसरी एउटा सक्रिय वन समूहलाई सेवा प्रदायक संस्थाको रुपमा विकास गरी कार्य गरेको एल.एफ.पी.को अनुभव वन समूहहरू स्वयं तथा वन विकास र सामुदायिक विकासको क्षेत्रमा कार्यरत सबैलाई उपयोगी हुनेछ भन्ने सोचले यो लेख तयार गरिएको छ ।

के सेवा प्रदायक संस्थाको रुपमा रहँदा सेवा प्रदायक वन समूहले पनि जिल्लामा रहेका गै.स.स. जस्तै प्रस्तावना पत्र लेख्न, कार्यक्रम प्राप्त गर्न र कार्यान्वयन गर्न भौतिक पूर्वाधार तथा मानव जनशक्तिका दृष्टिले सक्षम छन् त ? यो आम जिज्ञासालाई घोर्लास वन समूहसंग भएको हाम्रो सहकार्यले जिल्लास्तरका गै.स.स.ले जस्तै स्तरीय सेवा दिन सक्रिय वन समूहले सक्दछन् भन्ने पुष्ट्याई निम्न अनुसार गर्दछ :

- सक्रिय वन समूहले वन विकास तथा सामाजिक विकासको क्षेत्रमा हासिल गरेको अनुभव आफ्नो मानवीय स्रोत परिचालन मार्फत अन्य कम सक्रिय वन समूहलाई बाँड्ने अवसर पाउँदछ ।
- सेवा ग्राही वन समूहको स्रोत, साधन र अवसरको पहिचान गरी आवश्यकताको प्राथमिकीकरण गर्न र प्राथमिकतामा परेका कार्यहरूलाई समूहको योजना मार्फत कार्यान्वयनमा सहजीकरण गर्न सक्दछ ।
- सक्रिय वन समूहको पहूँच सुरुको अवस्थामा आफ्ना छिमेकी वन समूहहरू, छिमेकी गा.वि.स. तथा अन्य दुर्गम स्थानमा रहेका वन समूहहरूसम्म विस्तार गर्न सकिन्छ । यिनीहरू उपरोक्त स्थानको प्राकृतिक, आर्थिक र भू-राजनीतिक अवस्थाको बारेमा राम्रो जानाकारी राख्दछन् ।

- श्री ५ को सरकारको वन क्षेत्रमा सरकार, नागरिक समाज र नीजि क्षेत्र बीचको सहकार्य रणनीति २०६१ र गै.स.स. सेवा प्रदायकबाट सेवा प्राप्ति सम्बन्धी निर्देशिका २०६१ अनुसार सेवा प्रदान गर्न सक्ने आधार रहेकोछ । वन समूहहरू यस्ता संस्थाहरू हुन जुन प्रत्यक्ष रुपमा प्रजातान्त्रिक पद्धतिबाट सञ्चालित छन्, उपभोक्ताको मतबाट निर्वाचित हुन्छन् र उपभोक्ता प्रति जवाफदेही छन् । नेपालमा नागरिक समाजका संस्थाहरू सायदै वन समूह जस्ता सामाजिक समावेशी र प्रजातान्त्रिक संस्थाहरू रहेका होलान् ।
- वन समूहले आफूसँग भएको तथा आर्जन गरेको आर्थिक स्रोत मध्ये करिब २५ प्रतिशत वन संरक्षण तथा सम्वर्द्धनमा खर्च गर्दछन् भने बाँकी रहेको स्रोतबाट सामुदायिक विकासका अवसरहरू, गरिब तथा वञ्चित गरिएका समुदायका व्यक्तिहरूलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने - आय आर्जन, शिक्षा, स्वास्थ्य, सुरक्षित खानेपानी जस्ता कार्य गर्न सकिन्छ । यस्ता क्रियाकलापहरूमा उनीहरूलाई सहजीकरण तथा प्राविधिक एवं आर्थिक सहयोगबाट स्थानीय स्तरको स्रोत परिचालन गरी सामाजिक रुपान्तरणमा अहम् भूमिका निर्वाह गर्ने अवसर रहेको देखिन्छ ।
- देशको वर्तमान अवस्थामा स्थानीय स्तरमा क्रियाशिल निकाय भनेकै वन समूहहरू हुन् । सेवा प्रदायक वन समूहको क्रियाशिलता अर्को सेवा ग्राही वन समूहको आधारभूत आवश्यकता परिपूर्तिका क्रियाकलापहरू सञ्चालन गर्नमा उपयोगी हुन सक्दछ ।

## सक्रिय सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गर्ने सोच

म्याग्दी जिल्ला राजधानीबाट करिब २८५ की.मि.को दूरीमा रहेको र संचार तथा भौतिक सुविधा अन्य पहाडी जिल्ला सरह भए पनि यहाँको सामाजिक आर्थिक अवस्था अन्य जिल्लाको भन्दा अलि भिन्न रहेकोछ । आधा भन्दा बढी जनसंख्या मङ्गोल समुदायको छ र वैदेशिक रोजगारी यहाँको मुख्य पेशा हो । वि.सं. २०४६ साल पछि यस जिल्लामा उल्लेख्य मात्रामा गै.स.स.हरू उदाएको भए तापनि सक्रिय रुपमा कार्य गर्ने गै.स.स.को संख्या अत्यन्त न्यून छ । सक्रिय गै.स.स.ले वार्षिक रुपमा गर्ने कार्यक्रम र यसले समेट्ने भौगोलिक क्षेत्र पनि कमै रहेकोले जिल्लाको समग्र आवश्यकताको न्यून हिस्सामात्र गै.स.स.ले सेवा प्रदायकको रुपमा पूरा गरेका छन् । यस्तो अवस्थामा वैकल्पिक उपाएको खोजीमा सक्रिय वन समूह परिचालनको सोंच आएको हो । यहाँ सक्रिय वन समूह भन्नाले एल.एफ.पी.ले वन समूहहरूको वर्गीकरणको लागि छुट्टाएका तीन वृहत क्षेत्रहरू क) संस्था र शासन ख) वन स्रोत व्यवस्थापन र ग) सामाजिक समावेशीकरण र जीविकोपार्जनका अवसर तथा अभ्यासहरूसँग सम्बन्धित अध्ययनमा ८० प्रतिशत भन्दा बढी अङ्क हासिल गर्ने वन समूहलाई बुझ्नुपर्दछ । जिल्लामा सक्रिय रुपमा कार्यरत प्राविधिक वन समितिले (जिल्ला वन कार्यालय र एल.एफ.पी.का प्राविधिक कर्मचारीहरू सम्मिलित समिति) आर्थिक वर्ष २०६०/०६१ को वीर गणेशमान सिंह प्रथम पुरस्कारबाट सम्मानित घोर्लास वन समूहसँग सहकार्य गरी हेर्ने निर्णय मुताविक सक्रिय वन समूहलाई सेवा प्रदायकको रुपमा लिई कार्यक्रम कार्यान्वयनको प्रक्रिया अगाडि बढेको हो ।

## सेवा ग्राहीसंस्थाको रुपमा घोर्लास सामुदायिक वन उपभोक्ता समूह

घोर्लास सा.व. उपभोक्ता समूह प्रथमतः सेवा ग्राही वन समूह हो । यो वन समूह म्याग्दी जिल्ला घतान गा.वि.स.-३, तोरीपानीमा जिल्ला सदरमुकामदेखि ४ घण्टाको पैदल दूरीमा पर्दछ । यस समूहका १३० घरधुरीलाई २७.६६ हे. को प्राकृतिक वन क्षेत्र जिल्ला वन कार्यालयले वि.सं. २०५० सालमा सा.व.को रुपमा हस्तान्तरण गरेको हो । यस समूहको कोषमा रहेको रकम रु. १६५,०४७।- को क्षेत्रगत परिचालन हेर्दा करिब रु. २३,०००।- (१४ %) रकम संस्थागत विकासमा भने सा.व. विकासतर्फ जनश्रमदान बाहेक समूहको करिब रु. १६,०००।- (१० %) रकम खर्च भएको छ । यसैगरी

सामुदायिक भौतिक विकासका क्षेत्रमा कोषको करिब रु. २०,०००।- (१२ %) रकम खर्च भएको छ। यो समूह गरिब लक्षित उपभोक्ता प्रति बढी सकारात्मक रहेकोछ। गरिब उपभोक्तालाई वन पैदावार वितरणमा सहुलियत, गरिब उपभोक्ताको आय आर्जनका लागि सा.व.को जग्गा दिनुका साथै कोषको करिब रु. १०६,०००।- (६४ %) कोषको रकम खर्च गरेको छ। गरिब उपभोक्ताका लागि घुम्तिकोष, बाँस निगालो, हलोजूवा, तानधागो, फर्निचर, ताजा तरकारी तथा विउविजन, टिमुरको व्यवसायिक खेती, आरन व्यवसाय जस्ता कार्यहरूमा न्यून व्याजदरमा समूहको कोष लगानी गरेकोछ। हालसम्म समूहका ५७ घरधुरी (जम्मा ४५ %) उपभोक्ताहरू आय आर्जनका कार्यक्रमबाट लाभान्वित भएका छन्। सेवा ग्राही संस्थाको रुपमा उपरोक्त कार्यहरू सञ्चालनको लागि समूहले जिल्ला वन कार्यालय, एल.एफ.पी., जिल्ला कृषि विकास कार्यालय, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, स्थानीय गा.वि.स. गरी जम्मा १६ वटा संघ-संस्थाहरूसँग समन्वय र साझेदारी गरेकोछ।

**सेवा प्रदायक संस्थाको रुपमा घोर्लास सामुदायिक वन उपभोक्ता समूह**

यस समूह एल.एफ.पी.को वन समूह वर्गिकरणमा परेका जिल्लाका १० उत्कृष्ठ वन समूहहरू मध्येको एउटा समूह हो। यस समूहसँग संस्थागत विकास, वन स्रोतको दिगो उपयोगका अतिरिक्त जीविकोपार्जनका अवसरहरूका बारेमा समेत राम्रो अनुभव रहेकोछ। यस समूहले प्रभावकारी र पारदर्शी रुपमा कोष परिचालन गर्दै आएकोछ। यसले वन स्रोतको अवस्था अनुसार वनबाट नियमित आम्दानी र सोको सही उपयोगद्वारा आत्मनिर्भर हुने दिशातर्फ समूहलाई अघि बढाउन कोसिस गर्दैछन्। अर्कातिर निर्णय प्रक्रियामा महिला, दलित, गरिब, जनजाति सबैको समानुपातिक प्रतिनिधित्वमा जोड दिएकाले बढी सहभागितामूलक देखिन्छ।

**सेवादाता संस्थाको रुपमा घोर्लास सामुदायिक वन उपभोक्ता समूहबाट भएका कामहरू:**

जिल्ला वन कार्यालय तथा एल.एफ.पी. म्याग्दीका प्राविधिक कर्मचारीहरू सम्मिलित प्राविधिक वन समितिको निर्णय पछि वि.सं. २०६१ फाल्गुनदेखि हालसम्म (फाल्गुन ०६२) सम्म घोर्लास वन समूहले सेवा प्रदायक निकायका रुपमा गरेका कामहरूको छोटो समीक्षा गरिएकोछ।

१. मध्य म्याग्दी टिमुर विकास तथा व्यवस्थापन सञ्जाल

यस मध्य म्याग्दी क्षेत्रका ६ गा.वि.स.हरू घतान, पूलाचौर, पात्लेखेत, भिं, कुहूं तथा पाखापानीका जम्मा २० वन समूहहरूका समूह प्रतिनिधिहरू, टिमूर सङ्कलकहरू, नीजि आवादीका टिमुर उत्पादकहरू तथा स्थानीय व्यापारीहरू सम्मिलित सञ्जाल निर्माण गरेको छ। यसबाट टिमुरको सङ्कलन कार्यलाई व्यवस्थित गर्न, व्यवसायिक खेती गर्न, मूल्य अभिवृद्धि गर्न तथा बजारको पहुँच बढाई उपभोक्ताहरूको आय आर्जन बढाउन सहयोग पुग्ने अपेक्षा गरिएकोछ। यस सञ्जाल क्षेत्रबाट गत आ.व. २०६१/०६२ मा ७५ मुरी टिमुर उत्पादन भएको थियो। यसबाट १८५ घरधुरीहरूले औषत ने.रु. २५००।- का दरले आम्दानी गरेका थिए भने २५२० जना श्रमदिन बराबरको रोजगारी सङ्कलकलाई टिमुरले प्रदान गरेको थियो। यसको व्यापारमा १६ जना स्थानीय व्यापारीहरू सम्लग्न रहेका थिए।

२. कालीगण्डकी टिमुर विकास तथा व्यवस्थापन सञ्जाल

कालीगण्डकी क्षेत्रका ४ गा.वि.स.हरू दग्नाम, राखु पिप्ले, राखु भगवती र वेग खोलाका जम्मा १६ वन समूहका समूह प्रतिनिधिहरू, टिमुर उत्पादकहरू तथा स्थानीय व्यापारीहरू सम्मिलित सञ्जाल गठन भै कार्य गरिरहेकोछ। यस क्षेत्रबाट सङ्कलित प्रारम्भिक तथ्याङ्क अनुसार करिब ३९ मुरी

टिमुर गतवर्ष उत्पादन भएको थियो । टिमुरको प्राकृतिक वन भएको यो क्षेत्र पनि टिमुर विकासको दृष्टिकोणले अत्यन्त संभावित क्षेत्र रहेकोछ ।

३. सामुदायिक वनको विधान तथा कार्ययोजना संशोधन

यसैगरी गत आर्थिक वर्ष र यस आ.व.को हालसम्म १२ वटा कार्ययोजनाको म्याद सकिएका सामुदायिक वनको विधान तथा कार्ययोजना संशोधनको कार्यमा सहजीकरण गरेकोछ । यस कार्यको लागि आवश्यक प्राविधिक जनशक्तिका रुपमा एक जना रेञ्जर र तीन जना प्राविधिक सहजकर्ताहरू रहेका छन् ।

४. सामुदायिक वनको अनुगमन

विगत एक दुई वर्षयता सरकारी तथा गै.स.स. द्वारा सेवा नपुगेका दुर्गम र द्वन्द्वले बढी प्रभावित क्षेत्रहरूमा समेत पुगेर वन समूहले संस्थागत विकास (समिति बैठक, आमभेला, अभिलेख व्यवस्थापन, कोष परिचालन), वन विकास (संरक्षण, सम्वर्द्धन, वन पैदावारको उपयोग तथा गैरकाष्ठ वन पैदावार व्यवस्थापन), सामुदायिक विकास (बाटो, खानेपानी, स्कूल, सिंचाई) तथा गरिबी न्यूनीकरण (विभिन्न आय आर्जनका क्रियाकलापहरू सञ्चालन) का क्षेत्रमा गरेका कामहरूको अनुगमन गर्ने कार्य गरेको छ ।

यसरी हालसम्म एक वर्षको अवधीमा यो सा.व.ले सेवादाता संस्थाको रुपमा जिल्लाका ३२ वन समूहमा सहजीकरणको कार्य गरेकोछ । सेवादाता संस्थाको रुपमा काम गर्दा कार्यक्रम व्यवस्थापनलाई सहज तुल्याउन कार्यक्रम संयोजक सहितको एउटा टोली गठन गरेकोछ र समूहको आमभेलाद्वारा कार्यदिशा पनि दिइएको छ । हाल यो समूह जिल्ला सदरमुकाममा सम्पर्क कार्यालय खोल्ने तयारीमा रहेकोछ ।

**घोर्लास सामुदायिक वन उपभोक्ता समूहको मौजुदा जनशक्ति**

यस समूहसँग हाल तालिम प्राप्त विषयगत विशेषज्ञता हासिल गरेका प्राविधिक जनशक्ति रहेकाछन् । यिनीहरूमा स्थानीय स्रोत व्यक्ति तीन जना, रेञ्जर एक जना लगाएत समूहमा संस्था व्यवस्थापन, नेतृत्व विकास तथा सुशासन, अति गरिब तथा सामाजिक समावेशीकरण, योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, प्राङ्गरिक मल तथा दिगो भू-व्यवस्थापन, माटो परीक्षण, स्वास्थ्य कार्यकर्ता, बाँसको हस्तकलाका सामाग्री निर्माण स्रोत व्यक्ति, कार्यक्रम सञ्चालन तथा च्याउ उत्पादन स्रोतव्यक्ती गरी जम्मा १५ जना रहेकाछन् । संस्थामा कार्यरत रेञ्जर बाहेक सबै जनशक्तिहरू घोर्लास सा.व.उपभोक्ता समूहका उपभोक्ताहरू हुन् ।

**घोर्लास सामुदायिक वन उपभोक्ता समूहसँग काम गर्दाको सिकाइ**

- एउटा वन समूहले अर्को वन समूहलाई सेवा प्रदान गर्नु एक आपसको अनुभव साटासाटको अवसर हो ।
- वन समूहहरू आफूले कार्यान्वयन गरेको कार्यक्रमबाट उच्चतम र गुणस्तरीय प्रतिफल प्राप्त गर्न सजग, कार्यक्रम प्रति इमान्दार र विश्वसनीय रहेकाछन् ।
- यिनीहरूमा व्यापक जनसहभागिता जुटाउने, अपनत्वको भावना जगाउने तथा जवाफदेहिता बढाउने क्षमता रहेकोले सेवादाता संस्थाको रुपमा काम गर्दा कार्यक्रमको दिगोपनाको लागि सहयोग पुग्दछ ।

- वर्तमान सन्दर्भमा दुर्गम क्षेत्रका लक्षित समुदायलाई सुरक्षित र प्रभावकारी सेवा दिने उपयुक्त संयन्त्र सक्रिय वन समूह परिचालन हो ।
- सक्रिय वन समूहहरू जिल्ला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूको कार्यक्रम कार्यान्वयनका स्थानीय साझेदार रहन सक्दछन् ।
- सेवा प्रदायकको रुपमा कामगर्दा गै.स.स.ले सरह पाएको उपरलागत पनि अन्ततः वन समूहको वन विकास, संस्थागत विकास, सामुदायिक विकास तथा आय आर्जनका क्रियाकलापमा नै खर्च गरिने हुँदा आर्थिक सहयोगको अधिकांश हिस्सा लक्षित वर्गमा परिचालित हुने अवसर प्राप्त हुन जान्छ ।
- सेवाग्राही संस्थालाई सेवा प्रदायकको रुपमा विकास गर्दा अवधारणा पत्र, प्रस्तावना पत्र, कार्यक्रम लिने तरीका तथा कार्यान्वयन प्रक्रियाका बारेमा उनीहरूको क्षमता विकास गर्दै अघि बढ्नु उपयुक्त हुन्छ ।
- वन समूह भौगोलिक रुपमा जिल्ला सदरमुकामदेखि फरक दूरीमा रहने भएकोले सम्पर्क र समन्वयको लागि सूचनाको संयन्त्र आवश्यक पर्दछ ।

(लेखक जिवीकोपार्जनका लागी वन कार्यक्रम म्याग्दी जिल्लासगँ आवद्ध हुनुहुन्छ ।)